Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY ESTD : 2057
25th RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २५ | अंक: २९६ | वि.सं. २०८२ फागुन ४ सोमवार | नेपाल संवत: ११४५, फाल्गुण कृष्णपक्ष चतुर्दशी | Monday 16 February 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# जिल्ला सदरमुकाम जोडिन तरंगावासीले पर्खिएको तीन दशक

**चुरे पहाडको फेदीमा तरंगा लगायतका दर्जन बढी बस्तीहरु भेरी नदी किनारमा सटिएका छन् । बस्ती छेउ भेरी नदी सदिऔंदेखि बग्छ । तर, उर्बर फाटहरु भने सिचाईंको अभावले सुख्खा टार बनेका छन् । यी बस्तीहरुमा न सिचाईं छ, न त स्वच्छ खानेपानीको व्यवस्था नै । विजुली र भरपर्दो सञ्चारसँगै दक्ष जनशक्तिसहितका स्वास्थ्य पूर्वाधार अभाव त सामान्य विषय भइहाले ।**



**ओम शाही**
**सुर्खेत, ३ फागुन ।**

सुर्खेतको बराहताल गाउँपालिका-४, का स्थानीय लक्ष्मण थापा गएको बर्खासम्म हिलाम्मे र हिउँदमा धुलाम्मे कच्ची सडकको कष्टकर यात्रा गर्दै वीरेन्द्रनगर आउजाउ गर्थे । वीरेन्द्रनगर सुर्खेत जिल्लाको मात्र नभई कर्णाली प्रदेशकै प्रमुख प्रशासनिक केन्द्र हो । थापालाई प्रशासनिक काम हुन् वा अन्य घरायसीदेखि औषधि उपचार गर्न वीरेन्द्रनगर नआइ हुँदैन ।

वीरेन्द्रनगर आउँदा उनले प्रयोग गर्ने हुर्केदेखि तरंगा खण्डको १६ किलोमिटर सडक अहिलेको होइन । ५० को दशकमै तरंगासम्म पुग्न सडकको रेखा बसाइदा उनी जन्मिएकै थिएनन् । उनी जान्ने हुँदासम्म तरंगामा गाडी पुग्ने कुनै छाट थिएन । छोटो दुरीमा रहेको भएपनि उनी तरंगाबाट दिनभरको दुरी नापेर वीरेन्द्रनगर आइपुग्थे ।

साविक तरंगा गाविस वडा नम्बर ६ सिम्लेपानीका जोरबहादुर शाही २०२८ को अन्त्यतिर दैलेखबाट बसाईसरेर यही बाटो हुँदै तरंगा झरेका थिए । उनले पनि यो बाटोमा आफ्नो जीवनको लामो अध्याय उकाली ओराली गर्दै बताएका छन् । उनी बसाइँ सरेको बाटो झण्डै ५४ वर्षपछि पक्की बनेपछि दङ्ग छन् । केही वर्ष बाटोकै असुविधाका कारण शाही वीरेन्द्रनगर बसाइँ सरेका थिए ।

यो थापा र शाहीको नियती नभई बाध्यता थियो । यो बाध्यता साविकको सिङ्गो तरंगा गाविसका ९ वडाका नागरिकको थियो । तत्कालिन मध्यपश्चिमाञ्चल विकास क्षेत्रको प्रशासनिक केन्द्र हालको कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर र तरंगाबीचको दुरी झण्डै ३७ किलोमिटर मात्रै हो । संघीयतापछि तरंगा गाविसलाई बराहताल गाउँपालिकाका दुई वडामा सीमित गराइएको छ ।

यी दुई वडाका दर्जन बढी बस्तीका ठुलो जनसंख्या जिल्ला सदरमुकाम वीरेन्द्रनगर र पालिकाको केन्द्र बड्डिचौर पुग्न यही सडक प्रयोग गर्छन । जिल्लाको मुकामसँग छोटो दुरीमा भएपनि राज्यको हेपाहा प्रवृत्तिको सिकार बनेका तरंगावासीलाई विरामी पर्दा सहजै अस्पताल आइपुग्नसमेत प्रकृतिसँग ठुलो लडाइँ लड्नु पर्ने बाध्यता थियो ।

जिल्ला सदुरमुकामसँग जोडिन तरंगावासीलाई भेरी नदी सदिऔंदेखि बाधक बन्यो । हिउँदको समयमा भेरी नदीको सतह घटेपछि काठको डुङ्गाबाट उनीहरु जोखिम मोलेर भेरी नदी पार गर्थे । बर्खा लागेपछि उनीहरुको यात्रा रोकिन्थ्यो । एक प्रकारले भन्नु पर्दा भेरी नदीको बहाब जब बढ्थ्यो तब तरंगामा नाकाबन्दी नै लाग्थ्यो ।

बर्खाको समयमा कसैलाई केही भइहाल्यो भने तत्काल अस्पताल लैजान तरंगावासीलाई सपना बन्थ्यो । कतिले त मृत्युवरण नै गरे । विशेष गरी जेष्ठ नागरिक, बालबालिका, सुत्केरी तथा अपाङ्गता भएका व्यक्तिलाई यो अभिषाप नै थियो । 'नदीमा पुल थिएन, नदी तरेपछि गाडी हिँड्ने सडक थिएन,' थापा भन्छन्, 'कोही कसैलाई केही भइहाले तत्काल अस्पताल पुऱ्याउन निकै कष्ट व्यहोर्नु पर्थ्यो ।' तर, अहिले थापाको मुहारमा खुशीका रेखाहरु उज्याला बनेका छन् । अब उनलाई न भेरी नदीमा जोखिम मोलेर यात्रा गर्नुपर्ने छ, न धुलाम्मे र हिलाम्मे सडक नै हिड्न पर्नेछ ।

चुरे पहाडको फेदीमा तरंगा लगायतका दर्जन बढी बस्तीहरु भेरी नदी किनारमा सटिएका छन् । बस्ती छेउ भेरी नदी सदिऔंदेखि बग्छ । तर, उर्बर फाटहरु भने सिचाईंको अभावले सुख्खा टार बनेका छन् । यी बस्तीहरुमा न सिचाईं छ, न त स्वच्छ खानेपानीको व्यवस्था नै । विजुली र भरपर्दो सञ्चारसँगै दक्ष जनशक्तिसहितका स्वास्थ्य पूर्वाधार अभाव त सामान्य विषय भइहाले ।

दैनिक जीवनका अत्यावश्यक सेवा नपुगेपनि बस्ती बसेको झण्डै ५० वर्षपछि तरंगा गतिलो सडक पूर्वाधारले छिचोलिएको छ । तरंगाको छेउमा गुणस्तरिय सडक पुगेपनि अब भेरी नदी तर्न झोलुङ्गे पुल नभई गाडी गुड्ने पक्की पुलको सपना पुरा हुन भने अझै बाँकी छ ।

२०४८ सालमा विश्व खाद्य कार्यक्रमको सहयोगमा गोरेटो बाटो खनिएको तरंगासम्म २०६४ तिरै कच्ची सडक पुगेको थियो । तर, स्तरोन्ती हुन भने १६ वर्ष लागेको छ । भौगोलिकरुपमा सुगम तरंगा जस्ता बस्तीमा सडक सञ्जाल विस्तार गर्न राज्यले दखाइरहेको यो मौनताले कर्णालीको विकास हुन अझै केही दशक कुर्नुपर्ने निश्चित छ ।

२०४८ यताका हरेक निर्वाचनमा सबै जसो दलहरुलाई यहाँका नागरिकले चुनाव जिताएर पठाएका छन् । यहाँबाट जितेर जाने सांसदहरु मन्त्रीसम्म भए तर गतिलो सडकमा यात्रा गर्न यहाँका नागरिकलाई पाँच दशक कुर्नु परेको स्थानीय मनकुमारी शाहीको गुनासो छ ।

कर्णाली प्रदेश सरकारले आर्थिक वर्ष २०८०/०८१ मा तरंगा लगायतका दर्जन बढी भेरी तटिय क्षेत्रका बस्तीलाई गुणस्तरीय सडक सञ्जालसँग जोड्न थालेको प्रयासले मुर्तरुप पाउन थालेपछि थापा र शाही जस्ता हजारौं तरंगावासीलाई हाइसन्चो भएको छ । तरंगासम्म पुग्ने कुल १६ किलोमिटर सडक मध्ये १० किलोमिटर सडक कालोपत्रे सम्पन्न भइसेको छ ।

कर्णाली प्रदेश सरकार मातहतको पूर्वाधार निर्देशनालय सर्खेतले २० असार २०८० मा यो सडकलाई हुर्के-केउरेनी-

बाँकी ३ पेजमा

## छोटियो बराहतालसँगको दुरी

बराहताल गाउँपालिका-८, को हुर्केदेखि वडा नम्बर ४ को तरंगासम्मको सडकले अन्तिम रुप लिन थालेसँगै सुर्खेतको प्रमुख पर्यटकीय स्थल बराहतालसँगको दुरी छोटिएको छ । धार्मिक एवम् पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण बराहताल स्तरीय सडकको अभावकै कारण ओझलमा पर्दै आएको छ । सडक स्तरोन्तीको कार्यले गति लिएसँगै अहिले दैनिक १५ देखि २० जना वीरेन्द्रनगर लगायतका स्थानबाट बराहताल पुग्ने गरेको स्थानीय रामबहादुर शाही बताउँछन् । यसअघि सडककै कारण जोकोही

बाँकी ३ पेजमा

# चार दशकदेखि हलुवा-पराठाको स्वाद चखाउँदै अरमान



**युग संवाददाता**
**बाँके, ३ फागुन ।**

नेपालगन्ज उपमहानगरपालिका-१० चौलिकाचोकमा हलुवा-पराठाको स्वाद लिन बिहान झिसमिसेमै मानिसको भीडभाड हुने गर्दछ । करिब चार दशकदेखि स्थानीय अरमान अलीले हलुवा-पराठाको स्वाद चखाउँदै आएका छन् ।

फेमस हलुवा-पराठामा बिहान ६:०० बजेदेखि नै नजिकै रहेको महेन्द्र बहुमुखी क्याम्पस पढ्ने विद्यार्थी र रुपैडिहा आवतजावत गर्ने बटुवा हलुवा-पराठा खान पुग्ने गर्दछन् । अरमानको परिवारले करिब ४३ वर्षदेखि हलुवा-पराठाको एउटै परिकार बिक्री गरेर राम्रो आम्दानी गर्न सफल भएका छन् ।

"हाम्रो बुबाले भारतको मुम्बईमा सिकेर आएपछि यहाँ हलुवा-पराठाको पसल खोल्नुभएको थियो, अहिले हामीले सञ्चालन गर्दै आएका छौं", अरमानले भने, "हामीले बनाएको हलुवा-पराठा अहिलेसम्म नमिठो भयो भन्ने सुन्नुपरेको छैन, बरु मिठो भयो भनेर थपेर खाने र पोको पारेर घर लैजानेहरू धेरै छन् ।"

खानाका अनेक परिकार पाइने भएकाले नेपालगन्जलाई स्वादहरूको सहर पनि भनिन्छ । ती अनेक स्वादमध्ये हलुवा पराठा पनि एक हो । नेपालगन्जका स्थानीयमात्र नभई बाहिरबाट नेपालगन्ज घुम्न आउने पाहुना पनि हलुवा-पराठा खाना चौलिकाचोक पुग्ने गरेको अरमानले बताए ।

प्रत्येक दिन करिब ४० देखि ५० केजीसम्म हलुवा-पराठा बिक्री गरेर रु १५ देखि २० हजारसम्म आम्दानी गर्ने गरेको उनको भनाई छ । पीठो मुछ्ने, हलुवा बनाउने, पराठा बनाउने, बिक्री गर्नेलगायत कामका लागि अरमानले सात जना कामदारलाई रोजगारीसमेत दिँदै आएका छन् । अन्य दिनभन्दा शनिबार र सार्वजनिक बिदाका दिनमा हलुवा-पराठा खान आउने मानिसको धेरै भीडभाड हुने गरेको अरमानले बताए ।

ठूलो पराठालाई तौलेर हलुवाका साथमा बेच्ने गरिन्छ । पराठा रोटी खानुको स्वाद त छँदैछ, बनाएको हेर्न झनै मज्जा आउँछ । नाङ्ललोभन्दा ठूलो तावामा पकाउनुअघि पराठा पकाउने कारिगढले पीठोलाई केही पराठाको आकारमा बनाएपछि त्यो आकारबाट बढाएर सुपो जत्तिकै ठूलो आकारमा पुर्याउँछन् । जुन पराठाको आकारले आधा शरीर छोपिन्छ । छेउतिरबाट हेर्दा पकाउनुअघिको काँचो पराठा पछ्यौरा ओढेजस्तै देखिन्छ । एउटै पराठाबाट कम्तीमा १० जनासम्मलाई पुग्ने उनको भनाई छ ।

हलुवा पराठाको माग बढ्दै गएपछि हाल नेपालगन्जको त्रिवेणी मोड, बागेश्वरी मन्दिरको पूर्वपट्टि पनि केही वर्षदेखि हलुवा पराठा बनाउने गरिएको छ । तर अन्य स्थानको भन्दा चौलिकाचोकको हलुवा-पराठा नै अधिकांशको जिब्रोले मन पराउने गरेको महेन्द्र बहुमुखी क्याम्पसका पूर्वस्वविवियु सभापति माधव खत्रीले बताए ।

बजारमा थरिथरिका फास्टफुड र रेष्टुरेन्टहरू खुले पनि अरमानको पसलमा आउने ग्राहकको भीड घटेको छैन । स्वच्छता र पुख्र्यौली स्वादले क्याम्पस पढ्ने युवादेखि पुराना धेरैका लागि यहाँको हलुवा-पराठा नास्तामात्र नभई एउटा पुरानो याद हुने गरेको खत्रीको भनाइ छ ।






## सम्पादकीय....

# कस्तो आउला सुर्खेत-२ को नतिजा ?

आसन्न २१ फागुनमा तय भएको प्रतिनिधिसभा निर्वाचन आउन अब १७ दिन बाँकी छ। २३-२४ भदौको जेन-जी आन्दोलनपछि हुन लागेको चुनावको सरगर्मी बढेको छ। दलहरुले मतपरिणाम आफ्नो पक्षमा पार्न मेहनत गरिरहेका छन्। यस पटकको निर्वाचनमा दुई निर्वाचन क्षेत्र रहेको सुर्खेत-२ लाई विशेष महत्वका साथ हेरिएको छ। संघीयता अघिका संसदीय निर्वाचनहरूमा सुर्खेत क्षेत्र नम्बर २ मा नेपाली कांग्रेसका हृदयराम थानी र नेकपा एमालेका यामलाल कँडेलबीच मुख्य प्रतिष्पर्धा हुन्थ्यो। ती निर्वाचनहरूमा थानी र कँडेलले पालैपालो जित-हार बेहोर्दै आएका थिए। जब मुलुक संघीय ढाँचामा रूपान्तरण भयो, कँडेलले प्रदेशसभा रोजे भने थानी प्रतिनिधिसभातर्फ केन्द्रित भए। यसरी २०५१ सालदेखि निरन्तर चल्दै आएको यी दुई नेताबीचको चुनावी प्रतिष्पर्धा २०७४ सालमा आएर रोकियो। २०५१ सालको प्रतिनिधिसभा र २०६४ सालको संविधानसभा निर्वाचनमा कँडेल तथा २०५६ सालको प्रतिनिधिसभा र २०७० सालको संविधानसभा निर्वाचनमा थानीले जित हात पारेका थिए। प्रदेशसभा सुर्खेत २ (क) बाट २०७४ र २०७९ का दुवै निर्वाचनमा कँडेल विजयी बने। एमालेका केन्द्रीय सचिवसमेत रहेका कँडेल हाल कर्णाली प्रदेशको मुख्यमन्त्री छन्। उता, थानीले २०७४ सालको निर्वाचनमा वाम गठबन्धनका तर्फबाट एमाले उम्मेदवार नवराज रावतसँग पराजय भोग्नुपरेको थियो।

२०७९ मा भने तत्कालीन वाम-लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवार बनेका थानीले एमालेका अमृत बिसीलाई पराजित गर्दै पुनः राजनीतिक कमब्याक गरे। २०५१ सालदेखि यताका सबै निर्वाचनमा समान जित-हार बेहोर्दै आएका कांग्रेस नेता थानीले यसपटकको निर्वाचनमा विश्राम लिएका छन्। यही पुस २७-२९ मा सम्पन्न पार्टीको विशेष महाधिवेशनलगत्तै विज्ञप्ति जारी गर्दै उनले स्वास्थ्य प्रतिकूलताका कारण यसपटकको निर्वाचन नलड्ने घोषणा गरेका थिए। विशेष महाधिवेशनमा भाग लिएका नेता नारायण कोइराला अहिले सुर्खेत-२ मा थानीको उत्तराधिकारीका रूपमा चुनावी मैदानमा उत्रिएका छन्। कोइराला जिल्लामा लामो समयसम्म थानीकै 'कोर टिम'मा रहेर काम गरेका नेता हुन्। कर्णाली प्रदेशको राजधानी रहेको यो क्षेत्रमा यसपटक सबै नयाँ अनुहारहरू चुनावी मैदानमा देखिएका छन्। एक पदका लागि १७ जना चुनावी मैदानमा छन्। १७ मध्य १६ जना वीरेन्द्रनगरवासी हुन्।

यस पटकको मात्र होइन यसअघिका सबै निर्वाचनमा निर्णायक मतदाता वीरेन्द्रनगरमा छन्। यसै कारण पनि सुर्खेत-२ को नतिजा वीरेन्द्रनगरवासीकै हातमा हुने बताइन्छ। यसका कारण पनि आगामी निर्वाचनमा वीरेन्द्रनगरबाट सर्वाधिक मत पाएर पश्चिमका बराहताल, पञ्चपुरी र चौकुने गाउँपालिबाट सन्तोषजनक भोट पाउने उम्मेदवार नै प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुने निश्चित। विगतका आम निर्वाचनहरूमा यो क्षेत्रमा कांग्रेस र एमालेबीच नै मुख्य प्रतिष्पर्धा हुने गरेको छ। यहाँ कांग्रेस र एमाले दुवैको संगठन बलियो मानिन्छ। कांग्रेसले युवा अनुहार, बलियो संगठन र आन्तरिक एकतालाई देखाउँदै जित निकाल्ने दाउमा छ भने एमाले पार्टी नेतृत्वको सरकारले गरेका राम्रा कामलाई देखाउँदै र सांगठनिक मत जोगाउँदै जित निकाल्ने रणनीतिमा छ। रास्वपाले भने पुराना दलप्रति आम जनतामा देखिएको असन्तुष्टिलाई आफ्नो आधार बनाउँदै ती दलहरूको मत तान्ने रणनीतिसहित मैदानमा उत्रिएको छ। प्रमुख दलहरुको सांगठनिक अवस्था, विगतको चुनावी परिणाम र अहिलेको चुनावी माहौललाई हेर्दा यो क्षेत्रमा कांग्रेस, एमाले, नेकपा र रास्वपाबीच नै मुख्य प्रतिष्पर्धा हुने देखिन्छ।

## विश्व

# ओबामाद्वारा ट्रम्पको क्लिपको आलोचना

**वासिङ्टन, ३ फागुन।**
अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाले डोनाल्ड ट्रम्पको सामाजिक सञ्जाल खाताबाट आफू र मिशेल ओबामालाई बाँदरको रूपमा चित्रण गरिएको भिडियो सार्वजनिक भएपछि अमेरिकी राजनीतिक संवादमा शिष्टाचार र लज्जाको अभाव बढ्दै गएको भन्दै कडा टिप्पणी गरेका छन्।

वामपन्थी टिप्पणीकार ब्रायन टायलर कोहेनसँगको विस्तृत पोडकास्ट अन्तर्वार्तामा उहाँले राजनीतिक बहस 'पहिले कहिल्यै नदेखिएको क्रूरतामा' झरेको उल्लेख गर्दै अधिकांश अमेरिकी नागरिकले यस्तो व्यवहारलाई गम्भीर रूपमा चिन्ताजनक ठान्ने बताए। उनले कसैको नाम नलिई सामाजिक सञ्जाल र टेलिभिजनमा देखिने 'जोकर शैलीको प्रस्तुति' ले सार्वजनिक पदप्रति आवश्यक सम्मान हराउँदै गएको सङ्केत गरेको बताए।

फेब्रुअरी ५ मा ट्रम्पको ट्रुथ सोसल खाताबाट सेयर गरिएको एक मिनेटको भिडियोमा सन् २०२० को चुनावबारे षड्यन्त्रपूर्ण दाबी दोहोर्‍याइएको थियो। भिडियोको अन्त्यतिर जो बाइडेन र ओबामा दम्पतीको अनुहार बाँदरको शरीरमा देखाइएको अंश समावेश थियो, जसले व्यापक आलोचना निम्त्यायो। ह्वाइट हाउसले प्रारम्भमा ' नक्कली आक्रोश' अस्वीकार गरे पनि पछि उक्त पोस्ट स्टाफको त्रुटिका कारण भएको भन्दै हटाइएको जनाएको थियो। ट्रम्पले भिडियोका दाबीहरूको पक्षमा उभिएको बताए पनि आपत्तिजनक दृश्य आफूले नदेखेको दाबी गरे।

अन्तर्वार्ताका क्रममा ओबामाले यस्ता सन्देशले आगामी मध्यावधि चुनावमा रिपब्लिकनहरूलाई नै नोक्सान पुग्न सक्ने आकलन गरे र अन्ततः जवाफ अमेरिकी जनताबाटै आउने बताए।

उहाँले ट्रम्प प्रशासनद्वारा मिनेसोटामा सञ्चालन गरिएको आप्रवासन दमन अभियानको पनि आलोचना गरे। आइसिई अधिकारीहरू समेत संलग्न हजारौं सङ्घीय एजेन्टले अपराधीविरुद्ध लक्षित अपरेसन भन्दै व्यापक छापा र गिरफ्तारी सञ्चालन गरेका थिए। ओबामाले केही घटनामा भएको घातक गोलीकाण्डसहित एजेन्टहरूको व्यवहारलाई ' अधिनायकवादी मुलुकहरूमा देखिने शैलीसँग मिल्दोजुल्दो' भन्दै चिन्ता व्यक्त गरे र यसलाई 'दुष्ट व्यवहार' को संज्ञा दिए।

मिनेसोटामा उक्त अभियानपछि ठूलो विरोध प्रदर्शन र देशव्यापी आक्रोश देखिएको छ। यसैबीच सांसदहरूबीच आप्रवासन कारबाहीको निरीक्षण गर्ने निकायलाई थप बजेट दिने विषयमा जारी विवादले गृह मन्त्रालय आंशिक सरकारी शटडाउनमा परेको छ। डेमोक्रेट सांसदहरूले आइसिईको कार्यशैलीमा ठोस परिवर्तन नगरेसम्म नयाँ कोष स्वीकृत नगर्ने अडान लिएका छन्।

ओबामाले भने समुदायस्तरमा शान्तिपूर्ण र सङ्गठित प्रतिरोध देखिनु नै आशाको आधार भएको उल्लेख गर्दै नागरिकहरू सत्य र शान्तिपूर्ण विरोधमार्फत आफूहरूले विश्वास गर्ने मूल्यहरूको पक्षमा उभिएको बताए। उनले सामान्य नागरिकको यस्तो निरन्तर सक्रियताले लोकतन्त्रलाई सुदृढ बनाउने विश्वास व्यक्त गरे।

# विस्थापन र अतिक्रमणबीचको दबाबमा वन संरक्षण

✍ **इन्द्राकुमारी केसी/रासस**

कैलालीको चुरे गाउँपालिका-४ पनेरुगडास्थित जङ्गलको बीच भागमा विश्नादेवी महराको परिवार पाँच वर्षदेखि पालमुनी आश्रय लिएर बस्दै आएको छ। विसं २०७७ मा चुरे गाउँपालिका-४ कै गौजनामा आएको पहिरोले उहाँको १६ रोपनी जमिनसहित घर र खेत बगाएपछि विश्नादेवीको परिवार विस्थापित हुनुपर्‍यो।

विस्थापित भएपछि उहाँको परिवार जङ्गलमा आएर बस्यो। त्यहाँबाट वन कार्यालयले हटाएपछि केही समय गौशालामा बस्नुपरेको र त्यहाँबाट पनि हटाइएपछि फेरि यही पनेरुगडाकै जङ्गलमा फर्किएर बस्न बाध्य भएको विश्नादेवी बताउँछन्। "घर नै नभएपछि जङ्गलमै बस्नुपर्ने बाध्यता आयो," उनी भन्छन्।

छोरी ठूलो भइसकेकाले जङ्गलमा बस्न असुरक्षित महसुस भएपछि उनले छोरीलाई आफन्त कहाँ राखेर पढाईरहेका छन्। दुई छोरासँगै जङ्गलमै बसिरहेकी विश्नादेवीका श्रीमान् रोजगारीका लागि भारतमा छन्। आफू भने मजदूरी गरेर परिवारको जीविकोपार्जन गर्दै आएको उनी बताउँछन्। भाडामा बस्ने क्षमता नभएको र जङ्गलमै बस्दा बच्चाहरूको भविष्य जोखिममा पर्ने चिन्ता उनलाई छ। "यहाँ बाघ र जङ्गली जनावरको डर छ," उनी भन्छन्, "सामुदायिक वन समूहले यहाँबाट अन्तै जान पनि भन्छ। रहर कसलाई हुन्छ र ज्यान जोखिममा पारेर बस्न, तर जाने ठाउँ कतै छैन। बरु मारुन्, कतै जान्नँ।"

विश्नादेवी जस्तै कमला रोका मगरको परिवार पनि २०७७ सालदेखि यही पनेरुगडाकै जङ्गलमा पालमुनी जीवन बिताइरहेको छ। हावाहुरी चल्दा रूख ढल्छ कि भन्ने त्रास राति जङ्गली जनावर आइपुग्छन् कि भन्ने ज्यानकै डरबीच दिन काट्नु उनको दैनिकी बनेको छ। "उठेर जान पनि भन्छन्," कमला भन्छन्, "तर जाने ठाउँ छैन। राम्रो घरमा बस्ने मन हाम्रो पनि छ, तर कहाँ जाने।"

यसै क्षेत्रमा चुरे गाउँपालिका-६ का डबल बहादुर कार्की पनि पालमुनि बस्दै आएका छन्। उनका अनुसार सुरुमा यहाँ धेरै विस्थापित परिवार थिए। "कतिपय रोजगारीका लागि भारत गए, केही पहिरो गएको आफ्नै ठाउँतिर फर्किएर बसे," उनी भन्छन्, "हाम्रो त केही पनि छैन कहाँ जानु यहीँ बसिरहेका छौं।" पालिकाले हाल यहीँ बस्न भनेको भए पनि सुरक्षित र स्थायी बसोबासको कुनै सुनिश्चितता नभएको उनको गुनासो छ।

पनेरुगडा क्षेत्रमा मात्रै यस्ता २५ भन्दा बढी परिवार पाल टाँगेर बसिरहेका छन्। चुरे गाउँपालिका-४ का वडाध्यक्ष चन्द्रबहादुर लामिछाने मगरका अनुसार २०७७ सालको बाढी-पहिरो र अन्य दैवी प्रकोपका कारण विस्थापित ११६ परिवार पनेरुगडा, टाँकगडा, बालुवागडा चुरे-१ को खामाहाले र खानीडाँडालगायत क्षेत्रमा अस्थायी रूपमा बसोबास गर्दै आएका छन्। सुरुमा घरबारबिहीन भन्दै करिब सात सय परिवार वन क्षेत्रमा बसेको देखिए पनि गाउँपालिकाको छानविनपछि ११६ परिवार मात्रै पूर्ण रूपमा घरबारविहीन पाइएका थिए।

वन कार्यालयले २०७९ सालमा अतिक्रमण भन्दै धेरैलाई हटाए पनि वास्तविक पीडित भने अझै जङ्गलमै बस्न बाध्य छन्। वडाध्यक्ष लामिछाने मगर भन्छन्, "विस्थापितहरूको समस्या गम्भीर छ। तर स्थानीय तहसँग उनीहरूलाई तत्काल व्यवस्थापन गर्ने आफ्नै जमिन छैन। वन कार्यालयले हटाउन खोज्छ, तर उनीहरूको जाने ठाउँ छैन। यही कारण उनीहरू जोखिमपूर्ण अवस्थामा बस्न बाध्य छन्।"

यहाँ बस्ने बालबालिकाहरूको विद्यालय जान पनि चुनौतीपूर्ण छ। यहाँका बालबालिका गौरीगङ्गा नगरपालिका-३ मा रहेको शिव नमुना आधारभूत विद्यालयमा पढ्न जान्छन्। दीपेन्द्र महरा कक्षा ६ मा पढ्नुहुन्छ। दीपेन्द्र भन्छन्, "वर्षाको समयमा बाढी आएपछि विद्यालय जाँदैनौं।" रमेश बहादुर महरा पनि कक्षा ७ मा पढ्नुहुन्छ। बिहानको समयमा स्कुल लाग्दा अभिभावकहरू आधा बाटोसम्म पुर्‍याउन जानुपरेको उनको भनाइ छ।

**बढ्दै वन अतिक्रमण**

पहिरो, बाढी र अन्य दैवी प्रकोपबाट विस्थापित यी परिवारका लागि जङ्गल अतिक्रमण कुनै पनि हालतमा रोजाइ होइन, बाध्यता हो तर वन अतिक्रमणको समस्या यतिमा सीमित छैन। विस्थापनको नाममा मात्रै होइन, विभिन्न बहानामा कैलाली र कञ्चनपुरका वन क्षेत्रहरू अतिक्रमणको चपेटामा परिरहेका छन्। कैलालीको बसन्ता कोरिडोर, अत्तरिया, चिसापानी र कञ्चनपुरको शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज वरपरका क्षेत्र पछिल्ला वर्षहरूमा तीव्र अतिक्रमणको चपेटामा परेका उदाहरण हुन्।

महालेखा परीक्षकको ६२औं वार्षिक प्रतिवेदन (२०८२) अनुसार देशभर करिब एक लाख चार हजार हेक्टर वन क्षेत्र अतिक्रमणमा परेको छ। यसमध्ये ३८ प्रतिशतभन्दा बढी अतिक्रमण कैलाली जिल्लामा मात्रै देखिन्छ। वन अनुसन्धान तथा सर्वेक्षण विभाग (२०१५) को तथ्याङ्कअनुसार कैलालीको कुल क्षेत्रफल तीन लाख २८ हजार ७१६ हेक्टर रहेको छ। यसमध्ये झन्डै दुई तिहाई अर्थात् दुई लाख ५७३ हेक्टर वन क्षेत्रले ओगटेको छ। तर पछिल्ला आठ वर्षमा मात्रै करिब १७ हजार हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको सरकारी तथ्याङ्कले देखाउँछ।

'हाम्रो वन' प्रतिवेदन (२०७५) अनुसार कैलालीमा २१ हजार ४०४ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको थियो। हाल महालेखा परीक्षकको पछिल्लो प्रतिवेदनले यो आँकडा बढेर ३८ हजार ४० हेक्टर पुगेको उल्लेख गरेको छ। कैलालीसँगै डडेलधुरा र कञ्चनपुर पनि धेरै वन क्षेत्र अतिक्रमणमा परेको जिल्लामा पर्छन्। डडेलधुरामा हालसम्म १५ हजार १२० हेक्टर र कञ्चनपुरमा नौ हजार ८५९ हेक्टर वनक्षेत्र अतिक्रमणमा परेको तथ्याङ्क छ।

विभिन्न सामुदायिक वनहरू अतिक्रमणको चपेटामा परिरहेका छन्। अतिक्रमण हटाउने प्रयास नगरेको पनि होइन। अतिक्रमण हटाए पनि पुन अतिक्रमण हुने गरेको बर्दगोरीया गाउँपालिका-६ स्थित मद्रेनीया सामुदायिक वनका अध्यक्ष हरिराम डगौरा बताउँछन्। उनी भन्छन्, "सामुदायिक वनको तीन बिगाहा जमिन अतिक्रमणमा छ। स्थानीयले अतिक्रमण गरेर लगाएको बाली अघिल्लो पटक हामीले काटेर अतिक्रमित जमिन खाली गराएका थियौं तर पुनः अतिक्रमण भइसकेको छ। हामी पटक-पटक प्रयास गर्छौं, सचेत गराउँछौं, तर स्थानीयहरूले फेरि अतिक्रमण गर्न छाड्दैनन्।" उनका अनुसार, यस्तो दोहोरिने अतिक्रमणले सामुदायिक वन व्यवस्थापनमा चुनौती थपेको छ र वन संरक्षणका प्रयासलाई निरन्तरता दिन कठिन बनाएको छ।

कैलारी गाउँपालिका-२ स्थित जनहित सामुदायिक वनका अध्यक्ष वेदप्रसाद चौधरीका अनुसार बस्ती नजिकका वन क्षेत्रमा स्थानीयले जमिन विस्तार गर्दै गाईबस्तु बाँध्ने, दाउरा र पराल राख्ने, केरा लगाउने, छाप्रा बनाउने जस्ता गतिविधि बढ्दा अतिक्रमण फैलिएको छ। "हाम्रो वनमा पनि अतिक्रमण भएको थियो," उनी भन्छन्, "समुदायको सक्रियतामा हटायौं।" यसले देखाउँछ–सचेतना र स्थानीय सहभागिता भए अतिक्रमण नियन्त्रण सम्भव छ, तर त्यो सर्वत्र लागू हुन सकेको छैन।

**नीति, राजनीति र कार्यान्वयनबीच अल्झिएको वन संरक्षण**

जनसङ्ख्या वृद्धि, पहाडबाट तराई झर्ने प्रवृत्ति, बढ्दो गरिबी र रोजगारीको अभाव वन अतिक्रमणका कारण भएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजन वन अधिकृत जनक पाध्या बताउँछन्। उनका अनुसार व्यक्तिगत लाभका लागि तथा मुक्त कमैया, सुकुम्वासी र बाढीपीडितको नाममा वनक्षेत्र कब्जा गर्ने चलन व्यापक बन्दै गएको छ। "भू-माफियाले कृत्रिम सुकुम्बासी सिर्जना गरी अतिक्रमण बढाइरहेका छन्," पाध्या भन्छन्, "कानुन त छ, तर कार्यान्वयन कमजोर छ। राजनीतिक दबाब ठूलो चुनौती हो।"

भोट बैङ्कको राजनीति र दलगत स्वार्थले अतिक्रमण नियन्त्रणमा समस्या हुने गरेको उहाँको भनाइ छ। व्यक्तिगत अतिक्रमण मात्र होइन, सरकारी बजेटबाट निर्माण हुने सडक, खानेपानी, मठ-मन्दिर, विद्यालय, स्वास्थ्य चौकी, वडा कार्यालय, खेलमैदान र विभिन्न संघ संस्थाका भवनसमेत प्रायः वन क्षेत्रमै निर्माण भइरहेकाले अतिक्रमणलाई थप बल पुगेको पाध्या बताउँछन्।

वन अतिक्रमण बढ्दै जाँदा वन क्षेत्र खण्डित हुँदै गइरहेको छ। त्यसको प्रत्यक्ष प्रभाव वन्यजन्तुको वासस्थानमा परेको डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ डिभिजनल वन अधिकृत रामबिचारी ठाकुर बताउँछन्। उनले भने, "वन क्षेत्र खण्डित भएपछि वन्यजन्तुको वासस्थान नष्ट हुँदै गएको छ र यस क्रममा मानव-वन्यजन्तु द्वन्द्व पनि बढिरहेको छ। यदि यस्तै अवस्था निरन्तर रह्यो भने विस्तारै वन्यजन्तु लोप हुने सम्भावना पनि छ।"

वन अतिक्रमण नियन्त्रणका लागि सबैभन्दा पहिला जनचेतना जगाउनु नै मुख्य आवश्यकता हो। साथै, निगरानी गर्ने निकायहरूले कडा नीति र प्रभावकारी कारबाही अपनाउनुपर्ने उनले जोड दिए। वन अतिक्रमण केवल व्यक्तिगत समस्या नभई सङ्गठित अपराधको रूप रहेको सुदूरपश्चिम प्रदेश वन निर्देशनालयका निर्देशक हेमराज विष्ट बताउँछन्।

स्थानीय तहले पनि कहिलेकाहीँ वन अतिक्रमण गरेर संरचना निर्माण गरिरहेको देखिन्छ। "स्थानीय तह प्रत्यक्ष रूपमा समुदायसँग जोडिने सरकारको निकाय भएकाले वन अतिक्रमण रोक्न उपयुक्त भूमिका निर्वाह गर्न आवश्यक रहेको विष्ट बताउँछन्। स्थानीय तहसँग समन्वय गर्न जरुरी छ, तर अहिले जति सहयोग गर्नु पर्ने हो, त्यति पर्याप्त हुँदै आएको छैन," निर्देशक विष्टले बताए। विष्ट भन्छन्, "अहिलेको मात्रै होइन दशकौँदेखिको वन अतिक्रमण हो सम्बन्धित निकायको कमी कमजोरीका कारण कानुन हुँदाहुँदै पनि प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेको छैन।"

वन अतिक्रमणको दर बढ्दै जाँदा नियन्त्रणका लागि वन कार्यालयहरूले विभिन्न प्रयास गरिरहेका छन्। सुदूरपश्चिम प्रदेश वन निर्देशनालय र जिल्लास्थित डिभिजन तथा सब-डिभिजन वन कार्यालयहरूले सचेतना कार्यक्रम, सरोकारवाला निकायसँग समन्वय बैठक, संयुक्त अनुगमन र अतिक्रमित क्षेत्र खाली गराउने काम सञ्चालन गर्दै आएका छन्। अघिल्लो आर्थिक वर्षमा मात्रै कैलाली जिल्लामा १३५ हेक्टर वनक्षेत्र अतिक्रमणमुक्त गरिएको तथ्याङ्क छ। गएको साउन महिनामा गौरीगङ्गा नगरपालिका-११ स्थित सरस्वती सामुदायिक वनको ३.९ हेक्टर अतिक्रमित क्षेत्र खाली गराई तारबार र वृक्षारोपण गरिएको थियो।

डिभिजन वन कार्यालय कैलालीका वरिष्ठ वन अधिकृत जीवक्ष यादवका अनुसार

बाँकी ४ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

**एम्बुलेन्स**
एम्बुलेन्स (नेपाल रेडक्रस) : ०८३-५२०३१०
एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) : ९८४८०२०८६७
एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) : ९८२२४११५८६
शव वाहन : ०८३-५२४२३६/९८५८०४३६००
जिल्ला प्रहरी कार्यालय : १००, ०८३-५२०२२२
जिल्ला ट्राफिक कार्यालय : ०८३-५२५४९६
विद्यूत फ्यूज सेवा :०८३-५२०२६७/५२०२६५
महिला तथा बाल हेल्पलाइन : १०९८

**विमान स्थल**
सुर्खेत : ०८३-५२१९४५/५२५२१९
जुम्ला : ०८७-५२०१९०
मुगु ताल्चा :
हुम्ला : ०८७-६८००८०
डोल्पा : ०८७-५५१०१९
चौरजहारी (पश्चिम रुकुम) : ०८८-४०१०४८
नेपालगन्ज : ०८१-५६५२०५

**दमकल**
वीरेन्द्रनगर न.पा. : : १०१
भेरीगंगा न.पा. : ०८३-५४०११०, ९८५८०५१०५७
नारायण न.पा. : ०८९-४१०२०१

**अस्पताल**
दैलेख जिल्ला अस्पताल : ०८९-४१०११७
प्रदेश अस्पताल सुर्खेत : ०८३-५२३२००
सुर्खेत हस्पिटल प्रा.लि. : ०८३-५२५४१७
माया नर्सिङ्ग होम प्रा.लि. : ०८३-५२१४३०, ५२५४३०
एम्बुलेन्स (माया नर्सिङ्ग होम) : ०८३-५२१४३०
एम्बुलेन्स (देउती नर्सिङ्ग होम) : ०८३-५२०५२८
एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) : ९८४४८३५६६६
एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) : ९८६८११६०५२
जाजरकोट अपस्ताल : ०८९-४३०१२०
जिल्ला अस्पताल डोल्पा : ०८७-५५०१११
जिल्ला अस्पताल मुगु : ०८७-४६०१६२
जिल्ला अस्पताल कालीकोट : ०८७-४४०१३३
जिल्ला अस्पताल दैलेख :

## आजको राशिफल

**मेष** — प्रयत्न गर्दा विशेष स्थान प्राप्त हुनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि विशेष काममा जग बसाउने अवसर जुट्नेछ।

**वृष** — आफ्नै वचनबद्धता पालना गर्न नसक्ने स्थिति आउला। अरूका काममा समय बित्न सक्छ। तापनि समस्या दर्साउँदा सहयोगीहरूले साथ दिनेछन्।

**मिथुन** — अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ। अवसर जुटे पनि ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ। स्वास्थ्य कमजोर रहनेछ।

**कर्कट** — अरूका विषयमा चासो लिँदा झमेला आइलाग्न सक्छ। अवसर जुटे पनि ठूलो उपलब्धि हातलागी नहुने देखिन्छ। स्वास्थ्य कमजोर रहनेछ।

**सिंह** — द्वेष वा ईर्ष्या गर्नेहरूले हार खानेछन्। आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला, बिस्तारै फाइदा हुनेछ। चुनौती चिर्दै काम बनाउन सकिनेछ।

**कन्या** — परिस्थिति सोचेजस्तो नहुनाले लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ। अवसर प्राप्त भए पनि मेसो नमिल्नाले काममा ढिलासुस्ती हुनेछ।

**तुला** — परिस्थितिअनुसार चल्न नसक्ता अलि दुःख पाइनेछ। हतारको निर्णयले काम बिग्रन सक्छ। अरूको फाइदामा उपयोग भइने सम्भावना छ।

**वृश्चिक** — मान-सम्मान पाइनेछ भने सहयोगीहरूले राम्रो साथ दिनेछन्। मेहनतले विशेष अवसर दिलाउने छ। गरिएका कर्मको उचित प्रतिफल पाइनेछ।

**धनु** — मिहिनेत गर्दा अध्ययनमा प्रगति हुनेछ। लेखन तथा सिर्जनात्मक कामबाट ख्याति मिल्न सक्छ। तर आलोचकहरूलाई व्यवहारले समेट्ने प्रयास गर्नुहोला।

**मकर** — रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। पहिलेको सफलताले थप हौसला जगाउनेछ। नयाँ कामको प्रस्ताव आउनेछ।

**कुम्भ** — प्रलोभन देखाउनेहरूले फसाउन सक्छन्। समयमा होश नपुग्नाले खर्च बढ्नेछ। लगानी परे पनि त्यति फाइदा उठाउन नसकिएला।

**मीन** — श्रमको उचित मूल्यांकन हुनेछ भने लामो समयदेखि प्रतीक्षा गरिएको काम बन्न सक्छ। आफ्नो क्षेत्रमा राम्रै प्रभाव जमाउन सकिनेछ।

# बाख्रा चराउन जङ्गल जाँदा ढुङ्गाले लागेर मृत्यु

**युग संवाददाता**
**सुर्खेत, ३ फागुन ।**

जाजरकोटको चुनिचाँदे गाउँपालिका-१० लमाराका नरबहादुर रोकायको ढुङ्गाले लागेर मृत्यु भएको छ। बाख्रा चराउन जङ्गल गएका रोकायको भिरमाथिबाट खसेको ढुङ्गा टाउकामा लाग्दा घाइते भएकामा उपचारका क्रममा नेपालगन्ज मेडिकल कलेजमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रहरी नायब उपरीक्षक वसन्तकुमार शर्माले जानकारी दिए।

स्थानीयवासी बेगवान बस्नेतले घाइते रोकायलाई तत्काल अस्पताल पुऱ्याइए पनि ज्यान बचाउन नसकिएको बताए।

# एक करोड ९१ लाख मतपत्र छपाइ सकियो, करिब १२ लाख बाँकी

**युग संवाददाता**
**काठमाडौं, ३ फागुन ।**

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६७ जिल्लाका १५५ निर्वाचन क्षेत्रको मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ बनाएर ढुवानीका लागि तयारी अवस्थामा राखिएको निर्वाचन आयोगले जनाएको छ।

आइतबारसम्म एक करोड ९१ लाख २४ हजार मतपत्र छपाइ भएर ढुवानी गर्न तयारी अवस्थामा राखिएको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए। बाँकी १० जिल्लाको पनि मतपत्र छपाइ भएको छ भने प्याकिङ बाँकी रहेको उनले बताए। अब ११ लाख ९९ हजार मतपत्रमात्र छाप्न बाँकी रहेको छ।

हालसम्म डोल्पा, मुगु, जुम्ला, कालीकोट, हुम्ला, जाजरकोट, दैलेख, रुकुम (पश्चिम भाग), सल्यान, सुर्खेत, बाजुरा, अछाम, बझाङ, डोटी, डडेल्धुरा, दार्चुला, बैतडी, कैलाली, कञ्चनपुर, पाँचथर, इलाम, तेह्रथुम, भोजपुर, ओखलढुङ्गा, सुनसरी, ताप्लेजुङ, सङ्खुवासभा, सोलुखुम्बु, खोटाङ, धनकुटा, बागलुङ, गुल्मी, झापा, गोरखा, म्याग्दी, पर्वत, बर्दघाट सुस्ता पश्चिम (नवलपरासी), मोरङ, उदयपुर, मुस्ताङ, लमजुङ, तनहुँ, स्याङ्जा, बर्दिया, रुकुम पूर्व, दाङ, बाँके, नवलपरासी (बर्दघाट सुस्ता पूर्व), पाल्पा, अर्घाखाँची, प्यूठान, रुपन्देही, रोल्पा, मनाङ, रामेछाप, सिन्धुली, रसुवा, सिन्धुपाल्चोक, कास्की, कपिलवस्तु, दोलखा, नुवाकोट, काभ्रेपलाञ्चोक, धादिङ, मकवानपुर, चितवन र सिराहा गरी ६७ जिल्लाको मतपत्र छपाइ सम्पन्न गरी ढुवानीका लागि तयारी भएको हो।

शनिबारसम्म ६६ जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको थियो। आइतबार थप एक जिल्लाको मतपत्र छपाइ सकी प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिएको आयोगले जनाएको छ।

अब काठमाडौं उपत्यका वरपरका जिल्लाको मात्र मतपत्र छपाइ बाँकी रहेको जनाइएको छ। अब दुई दिनमा मतपत्र छपाइ सकेर प्याकिङ गरेर ढुवानीका लागि तयारी अवस्थामा राखिने जनाइएको छ। हालसम्म १७ हजार ७२८ बाकस मतपत्र प्याकिङ भइसकेको छ।

हाल दिनमा करिब एक हजार बाकस मतपत्र प्याकिङ र ११ देखि १५ लाखसम्म मतपत्र छपाइ भइरहेको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, सानोठिमीमा समानुपातिक निर्वाचन प्रणाली तथा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि गत पुस २२ गतेदेखि मतपत्र छपाइ सुरु भएको हो। पहिलो चरणमा १० लाख ९८ हजार २०० नमूना मतपत्र छपाइ सम्पन्न गरी विभिन्न जिल्लामा पठाइसकिएको आयोगले जनाएको छ।

गत पुस २६ गतेदेखि समानुपातिक निर्वाचन प्रणाली तर्फको मतपत्र छपाइ सुरु गरी माघ १३ गते दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ सम्पन्न गरी प्याकिङ तथा रुजुसमेत गरी ढुवानीको लागि तयारी अवस्थामा राखिएको पनि आयोगले जनाएको छ। प्रत्यक्षतर्फको निर्वाचनका लागि दुई करोड तीन लाख २३ हजार मतपत्र छाप्नुपर्ने आयोगले जनाएको छ। माघ १६ गते बिहानदेखि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फको मतपत्र छपाइ सुरु भएको हो।

छपाइ भएको मतपत्र शुक्रबारदेखि आयोगले पठाउन सुरु गरेको थियो। पहिलो चरणमा कर्णालीमा मतपत्र पठाइएको थियो। गण्डकी, लुम्बिनी र सुदूरपश्चिमप्रदेशका दुर्गम जिल्लामा पनि मतपत्र पठाइएको आयोगले जनाएको छ। सहरी क्षेत्र र सुगम जिल्लामा भने मतपत्र पठाउन बाँकी छ।

**फागुन १७ गतेसम्म मतदाता शिक्षा कार्यक्रम**

प्रतिनिधिसभा निर्वाचनका लागि आजदेखि देशभरि मतदाता शिक्षा कार्यक्रम सुरु हुने भएको छ। प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ बमोजिम आजदेखि मतदाता शिक्षा विशेष कार्यक्रम स्वीकृत भएको छ। सोही कार्यक्रमअनुसार सो कार्यक्रम अगाडि बढाउन लागिएको हो।

आमनागरिकलाई मताधिकारको महत्व र मतदानको प्रक्रियाका विषयमा जानकारी दिने उद्देश्यले आयोगबाट स्वीकृत विशेष कार्यक्रमअनुसार मतदाता शिक्षा कार्यक्रम अगाडि बढ्न लागेको आयोगले जनाएको छ।

आइतबारदेखि सुरु भएको सो कार्यक्रम यही फागुन १७ गतेसम्म देशभरका ७५३ स्थानीय तहका छ हजार ७४३ वडामा सञ्चालन हुनेछ। त्यसका लागि एक-एक जना मतदाता शिक्षा स्वयंसेवक परिचालन हुनेछन्। आयोगका अनुसार त्यसरी खटिएका स्वयंसेवकले आम मतदाताको बस्ती र घरदैलोमा पुगेर नमूना मतपत्रको माध्यमबाट निर्वाचनको महत्व र मतदान प्रक्रियाका बारेमा मतदातालाई जानकारी गराउनेछन्।

# अलपत्र १० औं राष्ट्रिय खेल, राजनीतिक जालझेल

**युग संवाददाता**
**काठमाडौं, ३ फागुन ।**



१०औं राष्ट्रिय खेलकुदका लागि गण्डकी प्रदेशबाट छनोट भएका सुजन चोखाल अहिले जापानमा छन्। २०८१ को मंसिरमा हुने भनिएको १०औं खेलकुदका लागि गण्डकीले त्यसको ७ महिनाअघि बैशाखमा गोरखा बारपाकमा प्रतियोगिता गर्दै पुरुष भलिबल टोली छनोट गर्दा चोखाल महत्त्वपूर्ण सदस्य थिए।

तोकिएको समयमा खेल नभएपछि चोखाल रोजगारीका लागि जापान पुगिसकेका छन्। चोखालसँगै छनोटमा परेका हरि पाण्डेले पनि एक वर्षअघि नै भलिबलबाट सन्यास लिइसकेका छन्।

हिलोपटक तोकिएको समयमा खेल भएन। १०औं राष्ट्रिय खेलकुदको नयाँ मिति तोकियो, जसका लागि प्रदेश खेलकुद परिषद् गण्डकीले पर्वतमा दोस्रोपटक छनोट प्रतियोगिता गऱ्यो। गत वर्षको माघमा भएको प्रतियोगिताबाट छनोट भएका खेलाडीको लिष्ट त प्रदेश खेलकुद परिषद्मा पनि पुग्यो। तर खेलाडी अझै पुग्न पाएका छैनन्।

दोस्रोपटक छनोट भएको एक वर्षभन्दा धेरै समय भइसक्दा पनि १०औं खेलकुद कहिले हुने हो ? टुंगो लागेको छैन। चौथोपटक तोकिएको मितिमा खेल भएको भए, अहिले खेलाडीहरु पदकका लागि प्रतिस्पर्धा गरिराखेका हुन्थ्ये। तर, अहिलेसम्म सरकारले 'हुँदैन' भनेर आधिकारिक रुपमा भन्न समेत सकेको छैन।

गण्डकी मात्र होइन, अधिकांश प्रदेशले राष्ट्रिय खेलकुदका लागि खेलाडी छनोट गरेका थिए। खेलकुद नहुँदा छनोट भएका खेलाडीहरू कहाँ छन् भन्नेमा समेत प्रदेशहरू अनविज्ञ छन्। सुदूरपश्चिम प्रदेश खेलकुदका सदस्य सचिव लोकबहादुर खड्का भन्छन्, 'एक वर्षअघि छनोट भएको हो। छनोट भएका खेलाडी कता-कता गए। अब हुने भएसी फेरि छनोट गर्नुपर्छ।'

खड्काकाअनुसार सुदूरपश्चिम प्रदेशमा पर्याप्त खेलकुद संरचना छैन। 'खेलाडीको मनोबल घटिरहेको छ। २ वर्षमा हुने खेलकुद ४/५ वर्षमा पनि हुँदैन। सरकारको लगानी कमै छ। भएको ठाउँमा पनि यस्तो छ। कसरी खेलाडीको हौसला बढ्छ ?,' खड्काले प्रश्न गरे।

**जेन-जी मन्त्रीले मिति तोके, राजीनामा दिएर हिँडे**

जेन-जीका तर्फबाट मन्त्री बनेका बब्लु गुप्ताले गत कात्तिकमा हतारहतारमा १०औं राष्ट्रिय खेलकुदको मिति तोके। चौथोपटक तोकिएको मिति मन्त्रिपरिषद्बाट स्वीकृत पनि भयो। समिति, उपसमिति पनि बने। तर, खेलकुदमन्त्री नै राजीनामा दिएर हिँडेपछि १०औं खेलकुद झनै अन्योलमा पुग्यो। निर्वाचन गराउन मन्त्री बनेका गुप्ता राजीनामा दिएर निर्वाचनमा होमिए। गुप्ताले राजीनामा दिएपछि युवा तथा खेलकुद मन्त्रालय प्रधानमन्त्री सुशीला कार्कीकै मातहत छ।

राष्ट्रिय खेलकुद परिषद्को अध्यक्ष खेलकुद मन्त्री र संरक्षक प्रधानमन्त्री हुन्छन्। अहिले दुवै जिम्मेवारीमा प्रधानमन्त्री कार्की छिन्। बैठक लाइभ गरेर मिति तोकेको सरकारले तोकिएको समयमा गर्न सकेनौं भनेर बोल्न समेत सकेको छैन।

खेलकुद स्थगित भएको विषयमा अनौपचारिक रुपमा प्रदेशमार्फत खेलाडीलाई जानकारी गराइएको राष्ट्रिय खेलकुद परिषद् (राखेप)का सदस्य सचिव रामचरित्र मेहता बताउँछन्। 'खरिद प्रक्रियाका लागि समय पुगेन,' उनी भन्छन्, 'मन्त्रीज्यूले समय थपौंला भन्नुभएको थियो। पछि राजीनामा दिनुभयो। लिड पनि गर्नुपऱ्यो।'

टंकलाल घिसिङको कार्यकाल सकिएपछि सदस्य सचिवको जिम्मेवारी मन्त्रालयका सहसचिव मेहतालाई प्रदान गरिएको थियो। मंसिर १९ गते पदभार ग्रहण गरेका सदस्य सचिव मेहताले आफू पुग्दा समय ढल्किसकेको दाबी गरे। खेलकुदका लागि कर्णाली प्रदेशले पर्याप्त सहयोग नगरेको उनको आरोप छ। 'कर्णालीले जति सहयोग गर्नुपर्ने हो। त्यति गरे। गर्नुपर्छ भने गर्नुस् भन्नुभयो। केन्द्रले ल्याएर गर्ने हो भन्ने सोच्नुभयो,' मेहताले भने।

**किन समयमा हुँदैन राष्ट्रिय खेलकुद ?**

योपटक मात्र होइन, यसअघि ३ पटक तोकिएको मितिमा खेल हुन सकेन। नवौं राष्ट्रिय खेलकुदको समापनमा १०औं खेलकुद २०८१ मंसिरमा कर्णाली प्रदेशमा गर्ने घोषणा भएको थियो। पूर्वाधार तयार नभएको भन्दै उक्त समयमा खेल हुन सकेन। त्यसपछि २०८१ चैत सऱ्यो। आर्थिक अभाव देखाउँदै त्यस मितिमा पनि भएन।

> मूल आयोजक समिति गठन भएर बैठक पनि बसिसकेका छन्। विषयगत उपसमिति पनि गठन भएका छन्। तर, अवस्था हातलाग्यो शून्य छ।

फेरि जेठमा गर्ने निर्णय गरेको परिषद्ले त्यसमा पनि गर्न सकेन।

त्यसपछि जेनजी मन्त्री बनेका गुप्ताले मिति तोके पनि समय नआउँदै मैदान छाडेर हिँडे। किन पटकपटक मिति तोकिन्छ र स्थगित हुन्छ ? भन्ने प्रश्नमा सदस्य सचिव मेहता भन्छन्, 'पूर्व तयारी बिना मिति तोकिँदा खेल हुन सकेको छैन। क्यालेण्डर हिसाबले गयो भने खेल हुन्छ नि।'

मेहताले राष्ट्रिय खेलकुद गर्ने कुरा परिषद्को हातमा मात्रै नभएको तर्क गरे। यो 'बाहिरी हस्तक्षेप'का कारण राष्ट्रिय खेलकुद समयमा हुन नसकेकोतर्फ उनको संकेत हो।

फरक राजनीतिक धारबाट नियुक्त हुने र एकअर्कालाई सहयोग नगर्ने प्रचलन नेपाली खेलकुदमा नयाँ होइन। कांग्रेसका तेजुलाल चौधरी युवा तथा खेलकुद मन्त्री हुँदा एमाले कोटामा राखेप उपाध्यक्ष बनेका ध्रुव आचार्यले गत जेठका लागि तोकिएको खेलकुद रोक्न कम्मर कसेर लागे। विषयगत समितिमा मन्त्रीले एकलौटी गरेको भन्दै ध्रुवसहित एमाले कोटाबाट सदस्य बनेकाहरुले प्रधानमन्त्री केपी शर्मा ओलीलाई गुहारे र तेस्रोपटक राष्ट्रिय खेलकुद रोक्न सफल भए।

तत्कालीन खेलकुदमन्त्री नियुक्त भएर आउँदा तेजुलाल चौधरीले १०औं राष्ट्रिय खेलकुद तोकिएको समयमा हुन नसक्ने र फागुनतिर हुने भनेर भाषण गरे। त्यसपछि उनी र तत्कालीन सदस्य सचिवबिच टकराव सुरु भयो। त्यसपछि पहिलोपटक तोकिएको मितिमा खेल भएन। त्यसपछि पनि मन्त्री चौधरीले विभिन्न बहाना बनाउँदै दोस्रोपटक तोकिएको मितिमा खेल गराउन सकेनन्।

१० औं राष्ट्रिय खेलकुदका लागि सचिवालय उद्घाटन, लोगो र मस्कट सार्वजनिक भएका छन्। मूल आयोजक समिति गठन भएर बैठक पनि बसिसकेका छन्। विषयगत उपसमिति पनि गठन भएका छन्। तर, अवस्था हातलाग्यो शून्य छ।

१०औं राष्ट्रिय खेलकुदका लागि नै भनेर हालसम्म ७ वटा बोर्ड बैठक बसिसकेको छ। १२३औं बैठकले १०औं खेलकुद फागुन १ देखि ७ गतेसम्म गर्ने निर्णय गरेको थियो। उक्त बैठकमा बोर्ड सदस्य डा. मधुसुधन सुवेदीले भनेका थिए, '१० औं गर्न सकिन्छ, सकिँदैन क्लियरली निर्णय गरौं। सम्भव छ, छैन र कसरी अगाडि बढ्ने भनेर आजै नै यसलाई टुंग्याएर योभन्दा पछिको बोर्ड बैठक १०औंको लागि नहोस् भन्ने मेरो चाहना छ।' उनको चाहना पूरा हुन सकेन। अर्थात् चौथोपटक तोकिएको मितिमा पनि खेल हुन सकेन।

**'कुर्दाकुर्दा उमेर जाला जस्तो छ'**

नवौं राष्ट्रिय खेलकुदमा ३ स्वर्णपदक जितेका टेनिसका प्रदीप खड्का पनि १०औं खेलकुदका लागि काठमाडौं आएर तयारी थालेका थिए। तर, तोकिएको मितिमा खेल नभएपछि उनी तयारी गर्ने की नगर्ने दोधारमा छन्। प्रदीप भन्छन्, 'बाहिर बसेर ट्रेनिङ गरे। तर, समयमा खेल भएन। कहिले हुने ठेगान पनि छैन। कुर्दाकुर्दा उमेर जाला जस्तो छ।'

राष्ट्रिय खेलकुद समयमा नहुँदा खड्कासहितका खेलाडीहरु मारमा छन्। मिति तोक्ने र स्थगित गर्ने प्रचलनका कारण खेलाडीहरु राष्ट्रिय खेलकुद हुनेमा विश्वस्त छैनन्। अब कहिले हुन्छ १०औं राष्ट्रिय खेलकुद ? राखेपका सदस्य सचिव मेहता भन्छन्, 'मलाई असारसम्मको समय दिने हो भने म गर्न सक्छु।'

*(अनलाइन खबर)*

## छोटियो...

बराहताल पुग्दैन थिए।

उनले बराहतालको प्रचार प्रचार गर्न सके स्थानीय आयआर्जनसँगै पर्यटनमा टेवा पुग्ने बताए। उक्त ताल १६ बिघा क्षेत्रफलमा फैलिएको छ। वरिपरि बाक्लो जंगलले घेरिएको यो तालमा बाह्रै महिना विभिन्न प्रजातिका सिमकुखुरा, पानी हाँसलगायत पन्छीहरूको बासस्थान हो। जाडो मौसममा विभिन्न ठाउँबाट आगन्तुक चराहरू पनि आउने गरेका छन्।

यो ताल धार्मिक दृष्टिकोणले समेत महत्व बोकेको छ। तालको बीचमा रहेको बराहको मन्दिरमा पुगेर दर्शन गरे मनोकांक्षा पुराहुने जनविश्वास छ। धार्मिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्र भएपनि बराहताल संरक्षण र पूर्वाधार अभाव झेलिरहेको छ। संरक्षण र रेखदेखको अभावले ताल परिसरमा निर्माण गरिएका करोडौंका पूर्वाधार जिर्ण अवस्थामा छन्।

ताल पुग्न सिढी निर्माण गरिएका छन्। ताल परिसरमा यात्रु प्रतिक्षालय, भ्यूटावर, खानेपानी, शौचालय लगायतका संरचनामा करोडौ रुपैयाँ खर्च भएपनि संरक्षणको अभावमा ति संरचनाहरु प्रयोगविहिन बनिरहेका छन्।

## जिल्ला...

साझघाट-चेपाङ-जामु नाम दिएर १६ किलोमिटर सडक स्तरोन्तीको कार्य सुभारम्भ गरेको थियो। कुल ६१ करोड ५९ लाख ३० हजार रुपैयाँ लागत रहेको यो सडक निर्माणको जिम्मा खड्का कृष्ण/श्याम एण्ड शंकर जेभी काठमाडौंले लिएको छ। चालु आर्थिक वर्षको १७ असारसम्म निर्माण सम्पन्न भइसक्नुपर्ने सडकले हाल ८५ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ।

असारसम्म सम्झौता मिति भएपनि आगामी २१ फागुनको निर्वाचनले असर नगरे चैतसम्म सडकलाई पूर्णता दिने गरी निर्माण व्यवसायीले काम गरिरहेको छ। निर्माण व्यवसायीका कन्ट्र्याक्टर प्रोजेक्ट म्यानेजर दिलिप सुवेदी भन्छन्, 'कुल १६ किलोमिटर मध्ये केही स्थान बाहेक १० किलोमिटर कालोपत्रेको काम सम्पन्न भएको छ। बाँकी ६ किलोमिटरमा बेस फिनिसिङ गरेर पिच गर्न बाँकी छ। आगामी चैतसम्म सम्झौता अनुसार काम सकिन्छ।'

उनले सडकको काम अन्तिम चरणमा पुगेपनि भुक्तानी भने नपाएको बताए। 'हामीले सम्झौता अनुसार काम गरेका छौं,' उनले भने, 'पछिल्लो समय बजेट नभएकाले भुक्तानी रोकिएको छ।' कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री यामलाल कँडेलले समयमै काम सम्पन्न गरे भुक्तानीमा कुनै समस्या नहुने आश्वासन दिएकाले आफुहरु आशावादी रहेको उनले बताए।

**निर्वाचनलाई वातावरणमैत्री बनाऔं ।**

- सभा, जुलुस, ¥याली वा घरदैलोजस्ता कार्यक्रममा प्रयोग भएका सामग्रीको व्यवस्थापन गरौं।
- निर्वाचन प्रचारप्रसार कार्यक्रम गर्दा वातावरणमैत्री सामग्रीको प्रयोग गरौं।
- निर्वाचन प्रचारप्रसारमा आमसञ्चार तथा डिजिटल माध्यमलाई प्राथमिकता दिऔं।
- निर्वाचन प्रचारप्रसारमा सभा, जुलस वा ¥यालीमा ध्वनि तथा वायु प्रदूषण न्यून गर्ने उपाय अपनाऔं।
- निर्वाचन प्रचारप्रसारमा प्लाष्टिकजन्य सामग्रीको प्रयोग नगरौं।
- निर्वाचनका समयमा विद्युतीय सवारीसाधनलाई प्राथमिकता दिऔं।
- निर्वाचनका समयमा पर्चा/पोष्टर टाँस्ने वा भित्तेलेखन जस्ता कार्य नगरौं/नगराऔं।
- निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

**हरित निर्वाचन अभियानलाई सफल पारौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**खैराबाङ्ग सामुदायिक खानेपानी आयोजनाको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन (BES) तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मिति: २०८२/११/०४**

कर्णाली प्रदेश, सल्यान जिल्ला, शारदा नगरपालिका, वडा नं. १, ११ र १२ मा प्रस्तावकद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना:** | शारदा आयोजना कार्यान्वयन इकाई, खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना, शारदा नगरपालिका, सल्यान |
| **प्रस्तावको व्यहोरा:** | कर्णाली प्रदेश, सल्यान जिल्ला अन्तर्गत शारदा नगरपालिकाको वडा नं. १, ११ र १२ का बासिन्दालाई स्वच्छ खानेपानी सेवा उपलब्ध गराउने उद्देश्यले खैराबाङ्ग सामुदायिक खानेपानी आयोजनाको निर्माण प्रस्ताव गरिएको छ। |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | सल्यान जिल्ला अन्तर्गत शारदा नगरपालिकाको वडा नं. १, ११ र १२ |

माथि उल्लिखित प्रस्तावको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारि गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली, बीच के कस्तो प्रभाव पर्दछ भनि यकिन गर्न शारदा नगरपालिका, सम्बन्धित वडा तथा यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति तथा संस्थाको लिखित रायसुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी राय सुझाव उपलब्ध गराइ दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | शारदा आयोजना कार्यान्वयन इकाई, खानेपानी क्षेत्रगत सुशासन तथा पूर्वाधार सहयोग आयोजना, शारदा नगरपालिका, सल्यान<br>फोन नं.- ९८५७८३८११२<br>ईमेल: piusharadha@gmail.com |
| **परामर्शदाताको नाम र ठेगाना** | AARVEE-FBC-PARAGON JV अन्तर्गत नगरपालिका सहयोग टोली, शारदा नगरपालिका, सल्यान<br>ईमेल: mstsharada2023@gmail.com |

**आयोजना व्यवस्थापक**

## एम्बुलेन्सको भाडा बढेपछि स्थानीयको विरोध

◣ युग संवाददाता
जुम्ला, ३ फागुन ।

जुम्लाबाट नेपालगञ्जसम्म जानका लागि एम्बुलेन्सको भाडा रु २५ हजार तोकिएपछि स्थानीयले विरोध जनाएका छन् । जिल्ला एम्बुलेन्स समितिले आफूखसी भाडादर निर्धारण गरेको आरोप लगाउँदै स्थानीयले असन्तुष्टि जनाएका हुन् ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जारी गरेको एम्बुलेन्स सञ्चालन निर्देशिका, २०८२ बमोजिम जिल्ला एम्बुलेन्स समितिका संयोजक तथा प्रमुख जिल्ला अधिकारी दीपक पौडेलको अध्यक्षतामा पुस २४ गते बसेको बैठकले जुम्ला जिल्लाभित्र सञ्चालन हुने एम्बुलेन्सहरूको भाडादर निर्धारण गरेको जनस्वास्थ्य सेवा कार्यालय जुम्लाका निमित्त कार्यालय प्रमुख किरणकुमार शर्माले जानकारी दिए ।

निर्धारित भाडादरबारे जनगुनासो आएको स्वीकार गर्दै कार्यालय प्रमुख शर्माले भने, "आवश्यक परेमा आगामी बैठकबाट पुनरावलोकन गर्न सकिन्छ । चन्दननाथ नगरपालिकाभित्र एम्बुलेन्सको भाडा रु छ सय, जिल्लाभित्र कच्ची सडकमा प्रतिकिलोमिटर रु १०० र पक्की सडकमा रु ९० (दुवैतर्फ) तोकिएको छ ।"

## मतदाता शिक्षाका लागि जुम्लामा स्वयंसेवक परिचालित

◣ युग संवाददाता
जुम्ला, ३ फागुन ।

जिल्ला निर्वाचन कार्यालय जुम्लाले यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गरी मतदाता शिक्षा कार्यक्रम सञ्चालनका लागि स्वयंसेवक परिचालनको तयारी गरेको छ ।

जिल्ला निर्वाचन कार्यालयका निर्वाचन अधिकारी दिपेन्द्र कँडेलका अनुसार जिल्लाका आठ स्थानीय तहका ६० वटै वडामा एक जनाका दरले मतदाता शिक्षा स्वयंसेवक यही फागुन ३ देखि १७ गतेसम्म कार्यक्षेत्रमा खटिने छन् ।

मतदाता शिक्षा स्वयंसेवकले विशेषगरी निर्वाचन प्रक्रियामा बढीभन्दा बढी मतदाता सहभागी गराउने, मतदान गर्दा ध्यान दिनुपर्ने विधि, प्रक्रियाका बारेमा सिकाउने, बदर हुनसक्ने मत न्यूनीकरण गर्ने, निर्वाचन आचारसंहिताका बारेमा जानकारी गराउने र समग्रमा निर्वाचनलाई उत्सवका रूपमा मनाउने विषयमा मतदातालाई सुसूचित गराउने निर्वाचन आयोगले स्पष्ट गरेको छ ।

यसै सन्दर्भमा मतदाता शिक्षा अनुगमनकर्ताका लागि अभिमुखीकरण कार्यक्रम समेत सञ्चालन भइसकेको छ । बालविकास सहजकर्ता, महिला स्वास्थ्य स्वयंसेविका, सामाजिक परिचालिका, मातृस्वास्थ्य कार्यकर्ता तथा सामुदायिक अध्ययन केन्द्रका परिचालकहरू मतदाता स्वयंसेवकका रूपमा परिचालित हुने व्यवस्था गरिएको छ ।

सुत्केरीको स्वास्थ्यमा ध्यान दिऔं ।

- गर्भावस्थामा कम्तिमा ८ पटक स्वास्थ्य जाँच गराऔं ।
- स्वास्थ्य संस्थाबाट प्रसुति सेवा लिऔं ।
- गर्भवति महिलालाई नियमित पोषिलो खानेकुरा खुवाऔं ।
- बच्चा जन्मनेवित्तिकै विगौति दुध खुवाऔं ।
- छ महिनासम्म आमाको दुध मात्र खुवाऔं ।
- बच्चा जन्मेपछि स्वास्थ्य संस्थामा गई स्वास्थ्य परीक्षण गराऔं ।
- राष्ट्रिय खोप तालिकाअनुसार बालबालिकालाई सबै खोप लागाऔं ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
वीरेन्द्रनगर, सुर्खेत, कर्णाली प्रदेश, नेपाल

## Rapti Sonari Rural Municipality
## Office of Rural Municipal Executive

Agaiya, Banke

### Invitation for Bids for the following Works

**Date of Publication: 2082/11/04**

1. Office of RaptiSonari Rural Municipality, Banke invites bids from Nepalese eligible bidders for the procurement of Following Work.

| S. N | Contract ID Number | Description of Works | Estimated Amount, NRS (Excluding VAT, Contingency and PS) | Bid Security (NRs) | Fee for Bidding Document (NRs) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | RSRM/ WORKS/ 2082-083/28 | Sikta, Gavar, Ojhakhola Lagayt anya Sthanma Sichai Karyharu (Power Drill/ Shallow Tubewell) Sanchalan Raptisonari-1, Banke | 65,43,243.41/- | 1,95,000.00/- | 3,000.00/- | |
| 2 | RSRM/ WORKS/ 2082-083/29 | Binauna Chwok Dekhi Rapti Pul Sammako Lagi Sadak Chauda Sahit Pakki Nali Nirman Sahitako Sadak Staronnati Garne Ward No. 5, Raptisonari, -5, Banke | 67,18,108.74/- | 2,00,000.00/- | 3,000.00/- | |

2. Bid must be submitted to the office by electronic bidding through www.bolpatra.gov.np/egp is permitted and bid shall be submitted on or before 12:00 PM on 2082/12/05 for on from RaptiSonari RM office and email: raptisonarimun@gmail.com or visit PPMO website www.bolpatre.gov.np/egp.
3. Bid Validity period is 90 days from the date of bid opening and Bid security validity period is 120 days from the date of bid opening.
4. Bidders should deposit the cost of bidding document in the project's account as specified below:

| Bank Name | Revenue Account | Dharauti Account |
|---|---|---|
| Himalayan Bank Limited, Raptsonari Branch | 05207540510024 (For Bid Fee) | 05207540510014 (For Bid Security) |

## विस्थापन...

अतिक्रमण भएको ठाउँ खाली गराएर तारबार वा ट्रेन्च निर्माण गर्ने र खाली गराइएको क्षेत्रमा वृक्षारोपण गर्ने काम नियमित भइरहेको छ । "पुरानो अतिक्रमण हटाउन समस्या छ," उनी भन्छन्, "तर नयाँ अतिक्रमण तुरुन्तै हटाउने प्रयास गरिरहेका छौं ।"

सरकारले वन क्षेत्रमा बढ्दो मानवीय चाप र अतिक्रमण रोक्न तथा अतिक्रमित भूमिलाई पुनः वनकै रूपमा कायम गर्न "वन अतिक्रमण नियन्त्रण तथा व्यवस्थापन रणनीति, २०६८" लागू गरेको छ । यस रणनीतिले मुलुकको ४० प्रतिशत भूभाग वनले ढाक्ने राष्ट्रिय लक्ष्यलाई टेवा पुऱ्याउने उद्देश्य राखेको छ । भूमिहीन, सुकुम्बासी, बाढीपीडित, आरक्षपीडित र मुक्त कमैयाबाट भएको अतिक्रमणलाई विशेष प्राथमिकतामा राख्दै उनीहरूलाई वनको जग्गा स्वामित्व नदिई वैकल्पिक वसोवास र जीविकोपार्जनको व्यवस्था गर्ने नीति लिइएको छ ।

रणनीतिले अतिक्रमण हटाइएका क्षेत्रमा समूहगत व्यवस्थापन गरी कृषि वन प्रणालीअन्तर्गत कबुलियती वनका रूपमा प्रयोग गर्न दिने लचिलो व्यवस्था पनि गरेको छ । तर कुनै पनि हालतमा वन क्षेत्र व्यक्तिगत वा संस्थागत नाममा दर्ता नगरिने स्पष्ट व्यवस्था छ । रणनीति कार्यान्वयनका लागि जिल्ला स्तरमा प्रमुख जिल्ला अधिकारीको नेतृत्वमा जिल्ला अतिक्रमण नियन्त्रण संयन्त्र गठन गर्ने, अतिक्रमण प्रोत्साहन गर्ने व्यक्ति वा सङ्घसंस्थालाई कालोसूचीमा राख्ने र सरकारी सुविधा रोक्ने जस्ता कडा प्रावधान पनि छन् ।

त्यस्तै वन ऐन २०७६ ले राष्ट्रिय वन तथा संरक्षित क्षेत्रमा अतिक्रमणलाई गम्भीर अपराध मानेको छ । दफा ४९ अनुसार घर, टहरा, खेती, आवादी बसोबास वा वनको सिमाना परिवर्तनजस्ता अतिक्रमणजन्य कार्यमा पाँच वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ । यद्यपि नीति, रणनीति र कानुनको प्रावधान हुँदाहुँदै पनि विस्थापितको वैकल्पिक बसोबास सुनिश्चित नहुनु, राजनीतिक स्वार्थ हाबी हुनु र भूमाफियाको चलखेल रोक्न नसक्नुका कारण वन अतिक्रमणको जोखिम र दर वर्षेनी बढ्दै गएको छ ।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

हाम्रा विशेषताहरु

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्षिट्च्यूट

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :

भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोत्तल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop, BC Group, Birendranagar-Surkhet

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु

- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी विग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।